Received Date: March 2025 Revised: April 2025 Accepted: June 2025

# सपनाको लास कविताको भाव तथा रूपविधानगत संरचना

**शान्ति भट्ट फुलारा**

नेपाली विभाग, पाटन संयुक्त क्याम्पस, पाटनढोका, ललितपुर

*Doi: https://doi.org/10.3126/ppj.v5i1.85854*

## *लेखसार*

*प्रस्तुत लेखमा वैरागी काइँलाको 'सपनाको लास'कवितामा भावविधान र रूपविधानको अध्ययन गरिएको छ । यहाँ सपनाको लास कवितालाई जीवनप्रतिको निस्सारता तथा असङ्गत मान्यता र रूपविधानगत सन्दर्भलाई आधार मानेर विश्लेषण गरिएको छ । कवितामा जीवन जगत्को अनुभूति हुन्छ । कवितामा कल्पना र भावना प्रबल हुने भए पनि यसले जीवनकै प्रतिनिधित्व गरेको हुन्छ । आफ्ना कवितामार्फत् जीवन जगत्को चित्रण गर्ने कवि बैरागी काइँलाले जीवन असंगत भए पनि सङ्घर्ष गर्दै बाँच्नुपर्छ भन्ने भावका साथ यो कविता रचना गरेका छन् । बैरागी काइँला जीवन जगत्का व्यापकतालाई अनुभूतिका माध्यमबाट कवितामा प्रस्तुत गर्ने कवि हुन् । उनका कवितामा बौद्धिकता र हार्द्रिकताको मिश्रण पाइन्छ । सपनाको लास कविता आयामेली मान्यतामा लेखिएको कविता हो । यस कवितामा जीवनको निस्सारता, व्यर्थतालाई देखाउँदै जस्तो भए पनि जीवन जिउनै पर्ने बाध्यात्कम अवस्था प्रसतुत गरिएको छ । कविता विश्लेषणका विभिन्न आधार भए पनि यस अध्ययनमा भावविधानको विसंगतिवादी मान्यता तथा रूपविधानको आख्यानात्मक संरचनालाई आधार मानी सपनाको लास कविताको विश्लेषण गरिएको छ ।*

**शब्दकुञ्जी** : भावविधान, रूपविधान, विसंगतिवाद, आख्यानात्मक संरचना, निस्सारता,आयामेली मान्यता

## १. विषयपरिचय

नेपाली साहित्यमा कविता विधामा थोरै कविता लेखेर पनि प्रसिद्धि प्राप्त गरेका वैरागी काइँला (तिलविक्रम नेम्वाङ्ग-१९९६) प्रयोगवादी धाराका कवि हुन् । दार्जिलिङमा साहित्यप्रति रुचि राख्ने युवाहरूका कविता संकलन गर्ने वैरागी काँइलाको कविता लेखनप्रतिको रुचि हो । फूल, पात, पतकर (२०१८) नामक पत्रिकाका माध्यमबाट बैरागीको कवि प्रतिभा प्रस्फुटन भैसकेको थियो । २०१८ देखि कविता लेखन र प्रकाशन गरेका काइँलाले २०३१ सालमा 'वैरागी काइँलाका कविताहरू' कवितासंग्रह प्रकाशित गरेपछि कविता लेखनमा सक्रिय देखिदैनन् । प्रयोगवादी कविता लेखनका प्रतिभा काइँलाका कवितामा प्रगीतात्मक संरचना पाइन्छ । आयामेली आन्दोलन/तेस्रो आयामको घोषणा बैरागी काइँला, ईश्वरबल्लभ र इन्द्रबहादुर राई तीन प्रतिभाहरूको प्रयास हो । जीवनका अनास्था र अविश्वासका विरूद्ध आस्था र विश्वास जगाउन उठाइएको आयामेली आन्दोलनकै मूल्य मान्यतालाई अङ्गिकार गर्दै कवि वैरागी काइँलाले कविता लेखेका छन् । उनका कवितामा जीवनको अस्तित्वलाई समेटिएको छ । उनले जीवन जगतको मात्र नभई सृष्टिको निरन्तरता पनि चाहेका छन् । जीवन विसङ्गत र निरर्थक भए पनि अस्तित्वको खोजी गर्दै सङ्घर्ष गर्दै डटेर बाँच्नु पर्छ भन्ने भाव उनका कवितामा पाइन्छ । वर्तमान समयमा गद्य कविता लेखिरहेका कविका तुलनामा वैरागी काइँलाले कविता लेख्न छोडे पनि उनको प्रसिद्धि कम भएको छैन । उनी थोरै लेखेर धेरै प्रसिद्धि र सफलता प्राप्त गर्ने कविहरूमध्ये एक कविका रूपमा

स्थापित भएका छन् । उनका कवितामा मानवीय प्रेम, जीवनप्रतिको अविश्वास र अनास्था नभई विश्वास र आस्था जगाउने भाव पाइन्छ । जीवनलाई सम्पूर्णता, वस्तुता र समग्रतामा हेर्ने प्रयास गरिएका यिनका कवितामा जीवनका सत् र महान् पक्षको बौद्धिक प्रस्तुति पाइन्छ । राष्ट्रवादी भावना, परिवर्तनगामी सुधारवादी अवधारणा, अस्तित्ववादी-विसङ्गतिवादी दृष्टिकोण यिनका कवितामा मुखरित भएको छ (लुइटेल, पृ.३०७) । विविध विषयमा कविता सिर्जना गर्ने यिनका कवितामा बिम्ब, प्रतीक, मिथकको नवीन र कलात्मक प्रस्तुति पाइन्छ । यिनका कवितामा चित्र, मिथ, बिम्ब, प्रतीकको प्रयोग पाइन्छ । सङ्केत, चित्र, बिम्ब र मिथकीय प्रयोगका कारण यिनका कथा जटिल तथा दुरुह पनि छन् ।

वैरागी काइँलाका विभिन्न कवितामध्ये सपनाको लास कविता आयामेली भावधारामा लेखिएको कविता हो । यो कविता मानव जीवनका सम्पूर्ण अनुभूतिको स्वतन्त्रता केवल सपनामा मात्र प्राप्त हुन्छ भन्ने विसंगतिवादी मान्यतामा रचिएको छ । यो कविता मानव जीवनको निस्सारता, युगीन परिस्थितिले जन्माएका भावहरू सपनामा मात्र स्वच्छन्दताको अनुभूति प्रकट गर्न सक्छ भन्ने मूल विषयमा केन्द्रित रहेको छ । जीवन त पोशाकले ढाकेको छ जुन लोकाचारको बन्धनका रूपमा रहेको छ । आफूभित्रका इच्छा, चाहानालाई थाति राखेर आफ्नो लागिभन्दा पनि बढी अरूको लागि बाँच्नु पर्ने निरश जिन्दगीको अर्थ केवल शून्यता मात्र रहेको भाव यस कवितामा प्रस्तुत भएको छ । सपनामा मात्र स्वतन्त्रता प्राप्त गर्न सक्ने मानव जीवनको यथार्थता र निस्सारताको चित्रण यस कवितामा गरिएको छ । आफ्ना लागिभन्दा पनि अरुका लागि बाँचि दिनु पर्ने यो जीवन असङ्गत रहेको भाव यस कवितामा व्यक्त गरिएको छ । यस आलेखमा जीवनप्रतिको निस्सारता तथा असङ्गत मान्यताको रूपविधानगत सन्दर्भलाई आधार मानेर सपनाको लास कविताको विश्लेषण गरिएको छ ।

## २. अध्ययनविधि

प्रस्तुत अध्ययनका लागि सामग्री संकलन मूलतः पुस्तकालयीय कार्यका आधारमा गरिएको छ । संकलित सामग्री प्राथमिक र द्वितीयक गरी दुई प्रकारका हुन्छन् । बैरागी काँइलाको ‘सपनाको लास’ कविता प्राथमिक सामग्रीका रूपमा लिइएको छ भने सपनाको लास कविताको विश्लेषणका लागि गरिएका सैद्धान्तिक अवधारणा, अध्ययन, टिप्पणी द्वितीयक सामग्रीका रूपमा लिइएको छ । व्याख्यात्मक शैलीबाट यस कविताको विश्लेषण गरिएको छ । भावविधान, रूपविधान र विसंगतिवादी मान्यताको सैद्धान्तिक मान्यताका आधारमा सपनाको लास कविताको विश्लेषण गरिएको छ । सपनाको लास कविताका कविताङ्शलाई साक्ष्यका रूपमा लिई ती कविताङ्शमा के कस्तो भाव तथा रूपविधानका साथै विसंगतिबोध भएको छ भन्ने निष्कर्ष निकालिएको छ । कविताको विश्लेषणका लागि पूर्वनिर्धारित सिद्धान्तको प्रयोग गरिएको हुँदा यो लेखमा निगमनात्मक विधिको उपयोग गरिएको छ ।

## ३. सैद्धान्तिक आधार

### भावविधान

कविताका लागि अनिवार्य मानिएको भावविधानले अस्तित्वमा भएका वस्तुलाई नियमबद्ध गर्नु भन्ने जनाउँछ । काव्यमा विषयवस्तुलाई सशक्त बनाउन भावविधानको आवश्यकता हुन्छ । विषयवस्तुले प्रदान गर्ने शाब्दिक अर्थ, व्यञ्जनात्मक अर्थ, ध्वन्यार्थ, लक्षित सन्देश जस्ता कुराहरू भावविधान अन्तर्गत पर्दछन् । काव्यले समग् रूपमा प्रदान गर्ने आर्थिक शक्ति वा अभिव्यञ्जनामा नै भावगत शक्ति जोडिएको हुन्छ । भावगत अभिव्यञ्जनाका लागि रस, उक्तिवैचित्र्य, कथनपद्धति आदिको महत्त्वपूर्ण भूमिका हुन्छ । भाव भनेको मनोभाव वा मनमा उठ्ने सूक्ष्म

संवेदनाहरू नै भावुकता हुन् । कवितामा भावविधान अक्षुण्ण रहनु पर्छ । मानवीय जीवन जगत्का समग्र वस्तुलाई र मानव चेतनाका अनुभव र अनुभूतिलाई समेटेर कविताको रचना गरिएको हुन्छ । कविता शब्दको भाषिक संरचना भएकोले यसमा भाव वा विचारको अभिव्यक्ति प्रकट भएको हुन्छ । शब्दमा निहित मानवीय अस्तित्व वा सत्ताका माध्यमबाट प्रकृति, मानवीय संस्कार र संस्कृति, ज्ञान, विज्ञान, इतिहास, धर्म अदि पक्षका साथै मानव मनका समस्त अनुभवको अभिव्यक्ति नै भावविधान हो । जीवन जगतको कुनै एक अंश वा भावलाई अनुभूतिमय वा भावमय तुल्याई कलात्मक रूपमा प्रस्तुत गरिन्छ । यस्तो भावनात्मक अनुभूतिलाई जीवन दर्शन वा उद्देश्य भनिन्छ (लुइटेल,पौड्याल, पृ.६) । कविता सिर्जनाका लागि प्रमुख वा मूल घटक भाव हो । कविता सिर्जनाका लागि प्रयुक्त मूल विषयवस्तु र अवधारणालाई भाव वा विचार भनिन्छ । विषयवस्तुको चयनमा कवि पूरै स्वतन्त्र हुन्छ र ऊ निर्बाध रूपमा स्वेच्छापूर्वक अनेक विषयवस्तुको चयन गरी त्यसमा आफ्नो विचारलाई समेत मिसाएर काव्य सिर्जना गर्छ (लुइटेल,पृ.७७) ।

भावविधानमा सैद्धान्तिक रूपमा रसवादी र मनोवैज्ञानिक दुई स्रोत रहेका छन् । रसवादी र मनोभावसँग भावविधान नजिक रहेको छ । कविले जीवन जगतको प्रस्तुति मानव जीवनकै भावलाई स्वतन्त्र रूपमा अभिव्यक्त गरी कविता सिर्जना गर्दछ । मुख्यतया भावविधानका दृष्टिले कविताको विश्लेषण यथार्थवाद, स्वच्छन्दतावाद, संरचनावाद, विसंगतिवाद तथा अस्तित्ववाद र विनिर्माणवाद वा उत्तरसंरचनावादका आधारमा गर्ने गरिन्छ । यहाँ सपनाको लास कविताको भावविधानलाई विसंगतिवादी मान्यताका आधारमा अध्ययन गरिएको छ ।

## रूपविधानगत संरचना

स्वीस भाषा चिन्तक फर्डिनाण्ड सस्युरले व्याख्या गरेको संरचनावाद भाषाका क्षेत्रमा मात्र नभई साहित्यका क्षेत्रमा पनि स्थापित हुन पुग्यो । रूप भन्नु कुनै वस्तुतत्वलाई भौतिक अस्तित्व प्रदान गर्ने संरचना वा ढाँचा नै हो । वस्तुतत्वको समष्टि आकृतिलाई रूप भनिन्छ भने त्यस रूपलाई पूर्णता प्रदान गर्ने विभिन्न अवयवहरूको यौगिक प्रक्रियालाई संरचना भनिन्छ (पाण्डे,पृ.५) । रूसी रूपवादको विकास सन् १९१३-१६ का बिचमा भए पनि यो रूपवादका रूपमा बढी प्रचलित थियो । सन् १९४० मा अमेरिकामा नयाँ समीक्षाको आन्दोलन पछि कविताका क्षेत्रमा यसको स्टक्चर र टेक्चरका रूपमा शसक्त रूपमा व्याख्या हुन थाल्यो । स्टक्चरले बनोट र टेक्चरले बुनोटको रूप प्रदान ग-यो । संरचनाले कविताको स्थूल रूपाकृति र त्यसका आन्तरिक तहमा पाइने घटकहरूको सूक्ष्म संरचनाको समष्टि रूप भन्ने बुझाउँछ । विभिन्न अवयव वा घटकहरूको पारस्परिक सम्बन्धद्वारा निर्मित वस्तु वा कृतिको पूर्ण, जीवन्त र स्वनिष्ठ अस्तित्व वा सत्तालाई संरचना भनिनछ ( लुइटेल,पृ.६१) । संरचनाको अवधारणा संरचनावादी सिद्धान्तमा मात्र सीमित रहेन यो भाषा, साहित्य तथा समालोचनाका क्षेत्रमा पनि विस्तार भयो । कविताको स्थूल संरचना अन्तर्गत आख्यानात्मक संरचना, नाटकीय संरचना र प्रगीतात्मक संरचना पर्दछन् । यहाँ सपनाको लास कवितामा आख्यानात्मक संरचनाको अध्ययन गरिएको छ ।

## ४. भावविधानगत मान्यताका आधारमा 'सपनाको लास' कवितामा विसंगतिवाद

विसंगतिवादी मान्यतानुसार मानिस नचाहिकन जन्मन्छ र नचाहिकन मर्छ । हामी नभएको अतीत र हामी नहुने भविष्य हाम्रो कल्पनाभन्दा बाहिर छ । हामी सधैं आत्मपराजयलाई स्वीकार्न बाध्य छौं । बाँचुञ्जेल क्रियाशील नभइकन पनि रहन सकिन्न । यी सबै आधार विसंगतिवादी मान्यता हुन् । जीवनको निस्सारता र शून्यताको

अभिव्यक्ति विसंगतिवादी सिर्जनामा प्रस्तुत गरिएको हुन्छ । एरिस्टोलले असंगतिबाट उत्पन्न विसंगतिलाई अज्ञानको स्थिति भन्नु र उन्नाइसौँ शताब्दीमा नित्सेले ईश्वर मृत्युको घोषणा गरेर विसंगतिवोधमा नयाँ आधार खडा गरे । दोस्रो विश्वयुद्धले मानव जीवनमा पारेको प्रभावपछि अस्तित्ववादी मान्यता देखा पर्‍यो । अस्तित्ववादी मान्यताको सार भविता र शून्यता हो भन्ने धारणा फ्रान्सेली चिन्तक जँ पल सार्त्रको हो । अस्तितत्वादी मान्यतासँग विसंगतिवादी मान्यताको घनिष्ठ सम्बन्ध छ । बिसौँ शताब्दीको युरोपेली साहित्यमा देखिएको विसङ्गत प्रवृत्ति एउटा दर्शन भए पनि पछिल्लो समयमा यो वादकै रूपमा प्रचलित छ । अस्तित्वादझैँ विसङ्गतिवाद पनि दोस्रो विश्वयुद्धको विभीषिकाबाट जन्मेको एउटा आन्दोलन हो (लुइटेल,पृ.३६९) । विसङ्गतिवादी मान्यताका प्रर्वतक फ्रान्सेली साहित्यकार अल्बेर कामु हुन् । जीवन भोगाइका क्रममा एकातिर अर्थहीन जीवन भनिन्छ त अर्कोतिर आत्महत्या नै रोज्नु ठिक छ त ? भन्ने अवधारणा अनुसार विसङ्गतिवादी मान्यता देखा परेको हो । यसबाट परम्परागत आदर्श, मूल्य र आस्थाको आधार भत्किएको, जीवन असंगत, निस्सार र शून्य छ भन्ने बोध भयो । विसंगतिको मूल तत्व यही निस्सारता र शून्यताको प्रत्यक्ष अनुभूति हो । 'सपनाको लास' कवितालाई पनि असंगत, निस्सार र शून्य जीवनको भाव अनुसार विश्लेषण गरिएको छ ।

वैरागी काइँलाले रचना गरेको सपनाको लास कविता आयामेली आन्दोलन तथा प्रयोगवादी धाराको कविता हो । यस कवितामा कविले जीवनका असंगत पक्षलाई उजागर गरेका छन् । पोशाक लोकाचार बाध्यताको लागि मात्र हो भन्ने भावनामा जीवन विसंगत देखिएको छ । कविले यस कवितामा अज्ञानता, अन्धविश्वास र अँध्याराको प्रतीकात्मक प्रस्तुति गरेका छन् । बारीमा फुलेको फूल आफ्ना लागि नभई अरूको लागि फुलेको हुन्छ भन्ने आशय स्वरूप त्यो बिहानै कसैका हातबाट टिपिएर मन्दिरमा चढिन पुगे जस्तै मानिस पनि आफ्ना लागिभन्दा अरूका लागि बढी बाँच्नु पर्ने विसंगतिको उदाहरण यस उद्धरणबाट कविले प्रष्ट पारेका छन् ।

**साक्ष्य १ :**

सपना त रातभरिलाई हो,
निद्रा नटुटेसम्म,
बिम्झिने वित्तिकै
अज्ञानको अन्धकारबाट,
सखारै सूर्य-मन्दिरमा
कन्ये केटीहरूले चढाउने फूलसित
आफ्नै हातले पनि चूँडिदिनु पर्छ !

कविले ओछ्यानमा रातभरि देखेका सपना त रातभरिलाई मात्र हुन्, केवल निद्रा नटुटेसम्मका लागि तिनको अस्तित्व रहेजस्तै हामीले पनि जिन्दगीको इमान राखिदिनु पर्छ र मुठ्ठी खोलेर विवश जिन्दगी बाँचिदिनु पर्छ भन्ने विसंगत जीवनको यथार्थतालाई प्रस्तुत गरेका छन् ।

जिन्दगी कति विसंगत छ भन्ने प्रसंग तलको कविताङ्शमा झल्किन्छ :

**साक्ष्य २ :**

जिन्दगीको,
मानिसले सपनाको लासमा जानुपर्छ !

प्रत्येक मानिस एक्लो मलामी हो !
प्रत्येक मानिसले
आफ्नो सपनाको लासमा, एक्लै
एक्लै सलामी जानुपर्छ !

यस कवितांशबाट कविले मानव जीवनका यथार्थ विसंगत पक्षलाई उजागर गरेका छन् । रातभरि देखेका सपनालाई बिर्सेर नचाहिकनै प्रत्येक बिहान आफ्ना सपनाको मलामी र सलामी आफू एक्लै भएजस्तै आफ्ना हरेक पीडा, दुख, कष्टको सामना आफू एक्लैले गर्नु परे पनि लोकाचारका कारण मानिस निस्सार जीवन जिउन बाध्य छ भन्ने भाव कविताको असंगति मान्यता नै हो । प्यारको बली चढाए जस्तै प्रत्येक बिहान आफ्ना सपनाको स्वतन्त्रताको बली चढाएर व्यथा सहँदै लोकाचारको पैतालामा सपनालाई कुल्चदै आफ्नो जीवनलाई लास सरह तुल्याएर आफ्नो दूर्बलता, विवशताका कारण शुन्यतामा जीवन निर्वाह गर्नै पर्छ भन्ने भाव कविले यस कवितामा व्यक्त गरेका छन् ।

जीवनको असङ्गत पक्षलाई सिग्रेटको खरानीसँग तुलना गरिऐको छ । कविले प्रस्तुत गरेको निस्सार जीवनको प्रस्तुति तलको कवितांशमा व्यक्त भएको छ :

**साक्ष्य ३ :**

सिग्रेटको खरानीसित
टक्टक्याएर सिरानी र सिरकबाट
कतै छरिएका सपनाका अवशेषहरू
कोही डढिसकेका
पुतलीका पखेटाहरू !
जो रातभरि लालटेनमा झुत्तिएका थिए !
पर .... डाँडाको उताबाट
रगतमा चुर्लुम्म हात डुबाई

प्रस्तुत कवितांशमा कविले विसङ्गत जीवनको चित्रण गरेका छन् । जीवन त सिगरेटको खरानी टक्टकाए जस्तै पो रहेछ । जीवनका सपना त छरिएका छन् । ती सपनाका अवशेष मात्र बाँकि छन् जसरी रातभरि लालटेनमा झुमिएका पुतलीका पखेटा डढेका छन् त्यसैगरी जीवन पनि कठिन परिस्थितिको सामना गर्दै चलिरहन्छ । जीवन चल्दै जान्छ सपनाका अवशेष बाँकि रहुन्जेल । आशाका त्यान्द्रा पर भए पनि आशै आशमा कठिन परिस्थितिमा पनि जीवन जिउनै पर्ने बाध्यताको चित्रण यस कविताङ्शमा गरिएको छ ।

## ५. 'सपनाको लास' कवितामा आख्यानात्मक संरचना

आख्यानात्मक संरचना भन्नाले कवितामा आएको कुनै न कुनै आख्यानलाई प्रस्तुत गर्नु हो । सामान्यतया अख्यानात्मक संरचना भनेपछि महाकाव्यमा पाइन्छ भन्ने मान्यता रहे पनि कथाको बुनोटबाट कवितामा पनि आख्यानात्मक संरचना पाइन्छ । आख्यान प्रबल भएको कविता वर्णनात्मक हुन्छ । आख्यानात्मक संरचना भएको कवितामा पहिला कवि प्रथम पुरूष शैलीमा कथन गर्छ र पछि उसका पात्रहरू आफै आफ्नो बारेमा बोल्न थाल्छन् । विशुद्ध आख्यानमा झैं आख्यानात्मक संरचनाका कवितामा पनि आख्यानको आङ्गिकता र पूर्णता हुने

गर्छ । आदि,मध्य र अन्त्यको श्रृङ्खलाको उपस्थिति क्रमिक वा व्यक्तिक्रमिक जे-जस्तो रूपमा रहे पनि अनिवार्य रूपमा रहनु पर्छ । आख्यानको प्रधाानता रहने हुँदा त्यसमा स्वाभाविक रूपले नै पात्र, तिनका क्रियाकलाप वा कार्यव्यापार आदि पनि आउँछन् भने दृश्य र परिवेशको प्रस्तुति पनि स्वाभाविक रूपले नै हुन्छ । आख्यान यस्तो कविताको केन्द्र हुने भएकाले कविताको कथनपद्धतिको मूल ढाँचा चाहिँ वर्णनात्मक नै हुन्छ (पाण्डे,पृ.१०) । ‘सपनाको लास’ कवितामा रहेको आख्यानात्मक संरचनालाई यहाँ विश्लेषण गरिएको छ ।

जीवन जिउनुको आस्था र विश्वासलाई उजागर गरेर आफ्ना रचना मार्फत जीवनप्रति आस्था जगाउने कवि वैरागी काइँलाले ‘सपनाको लास’ कवितामा विसंगत जीवनको यथार्थतालाई प्रस्तुत गरेका छन् । व्यर्थ जीवन बाँच्नुको अर्थ नभएको भावाभिव्यक्ति दिइएको कविता भए पनि यसमा आख्यानात्मक संरचना अनिवार्य रूपमा पाइन्छ । यहाँ यस कवितामा रहेको आख्यानात्मक संरचनाको वर्णन गरिएको छ ।

यो कविता चार अनुच्छेदका असी पङ्तिका आयाममा संरचित छ । पहिलो अनुच्छेदमा सोह्र, दोस्रोमा एकतीस, तेस्रोमा बीस र चौथोमा तेह्र पङ्ति रहेका छन् । यस कवितामा पूर्णविराम चिन्हको प्रयोग नगरी विस्मयाधिबोधक चिन्हको प्रयोग प्रशस्त गरिएको छ ।

कवि कथनबाट प्रारम्भ भएको यस कवितामा जीवनको वर्णन पाइन्छ । जीवन जिउने क्रममा आफ्ना लागिभन्दा पनि अरूकै लागि जिउनु पर्ने बाध्यतालाई वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको छ । वास्तविक जीवन त रातभरिको सपना मात्रै हो जहाँ व्यक्तिले स्वतन्त्रता पाएको हुन्छ तर बिहान उठ्ने बित्तिकै त्यो जीवन लोकाचारको बाध्यतामा परिणत हुने अभिव्यक्ति यस कवितामा बनाएर त्यसैसँग सम्बन्धित आख्यान सामग्री प्रस्तुत गरिएको छ ।

जीवन आफ्ना लागिभन्दा पनि अरूका लागि बढी जिउनु पर्ने, बारीमा फुलेको फूलजस्तै बिहानै कसैका हातबाट टिपिएर मन्दिरमा चढिन पुग्ने यो जिन्दगी आफ्ना लागि भन्दा बढी अरूका लागि बाँच्नुपर्ने विसंगतिबोधक यथार्थबाट सुरू भई आफ्नो इच्छा, चाहना कुल्चदै अरूकै लागि निरस, निस्सार जीवन निर्वाह गर्ने पर्ने भावको साधारणीकरण गरी यो कविता टुङ्ग्याइएको छ । यसको कथानकलाई क्रमिक रूपमा तल प्रष्ट पारिएको छ ।

पहिलो अनुच्छेदको १-१६ पङ्तिमा जीवन गञ्जी र कमेजले ढाकेको, लोकाचार र बाध्यताको धर्मसंकटले हिर्काउँदै अरूसँग जे भएपनि आफूसँग साँचो रूपमा जीवन केवल रातभरिको सपना मात्र हो भन्ने अभिव्यक्ति पाइन्छ ।

कविताको मध्यभाग तथा कथ्यसन्दर्भको विकासक्रम दोस्रो अनुच्छेदका ३१ पङ्तिमा जीवन आफ्ना लागि नभई अरूका लागि जिउनु पर्ने बाध्यता देखाइएको छ । जिन्दगी बारीमा फुलेको फूल हो जुन अरूका हातबाट टिपिएर मन्दिरमा चढिन पुग्छ । आफ्नो प्रेमको बली दिएर अरूका लागि बढी बाँच्नुपर्छ, जिन्दगीको इमान बलि दिएरै भए पनि राखिदिनु पर्छ र मुठ्ठी खोलेर बाँचिदिनु पर्ने जिन्दगीको वर्णन गरिएको छ ।

कविताको चरमावस्था तेस्रो अनुच्छेदका बीस पङ्तिमा रहेको छ । रातभरि देखेका सपनालाई खरानीजस्तै टक्टकाएर नचाहिकनै प्रत्येक विहान आफ्ना सपनाको मलामी र सलामी आफू एक्लै भए जस्तै आफ्ना पीडा, दुख, कष्टको सामना आफू एक्लैले गर्नु पर्ने विवशता यस अनुच्छेदमा प्रस्तुत गरिएको छ । लोकाचारका कारण मानिस निस्सार जीवन जिउन बाध्य छ भन्ने कथन पद्धति कविताको चरमावस्थामा पाइन्छ ।

सारांशका रूपमा कविताका अन्तिम तेह्र पङ्ति रहेका छन् । रातभर देखेका सपनाको कुनै अस्तित्व नभए झैँ जीवनको पनि केही अस्तित्व छैन । प्रत्येक बिहान आफ्ना सपनाको स्वतन्त्रताको बली चढाएर व्यथा सहदै लोकाचारका कारण मानिस अरुकै लागि भए पनि जीवन जिउन बाध्य छ । बिहानको उज्यालोसँगै जसरी रातभरिका सपनाको लास बन्दछ त्यसैगरी जीवन पनि केवल निस्सार र शून्य छ भन्ने कवि कथनबाट यो कविता टुङ्गिएको छ ।

यस कवितामा कुनै एउटा विशिष्ट घटनाक्रमको विकास भएको नभए पनि मान्छेका जीवन भोगाइका बाध्यता, सपना, चाहना, लोक संस्कार, जीवन पद्धति आदि कारणले जीवन भोगाइ कति विवश र बाध्यात्मक छ भन्ने सीमाभित्रै कविताको आख्यान सन्दर्भ रहेको छ । आख्यान सन्दर्भका लागि केही पङ्तिलाई यहाँ प्रस्तुत गरिएको छ ।

**साक्ष्य १ :**

आफ्नो लागि कम र अरूको लागि धेर

बाँचिदिनुपर्ने यो जिन्दगी !
यो जिन्दगी यौटा अनुष्ठान हो !

मानव जीवन आफ्ना लागि बाँच्नु पर्ने हो तर यहाँ आफ्ना लागि नभइ अरुका लागि बढी बाँचिदिनु पर्छ । विवश र बाध्य भएर पनि अरुकै लागि बाँच्नु पर्ने यो जिन्दगि एउटा अनुष्ठान हो ।

**साक्ष्य २ :**

चुपचाप, विवश !
उफ् ! पाइला पाइलामा
लोकाचारको पैतालाले कुल्चिदै प्रत्येक बिहान
जिन्दगीको,
मानिसले सपनाको लासमा जानुपर्छ !

चुपचाप र विवश भएर लोकाचारका निम्ति भए पनि जिन्दगीलाई पाइला पाइलामा कुल्चिदै प्रत्येक बिहान सपनाको लासमा गएर मानिसले हरदिन विवश जिन्दगी बाँच्नै पर्छ । यसरी हेर्दा कवि कथनबाटै नेपाली लघु कविताकै आख्यान संरचनाको नियमभित्रै रहेर यस कवितामा आख्यानात्मक संरचनाको प्रयोग भएको प्रष्ट झल्किन्छ ।

**साक्ष्य ३ :**

यस धरतीमा
मानिसले व्यथा सहनुपर्छ !
पाइला पाइलामा
लोकाचारको पैतालाले कुल्चिदै
प्रत्येक बिहान जिन्दगीको
मानिसले, सपाको लासमा जानुपर्छ !

यस धर्तिमा जन्म लिएपछि मानिसले व्यथा सहनु पर्छ । सुखभन्दा बढी व्यथैव्यथा सहनु पर्ने मानिसले पाइला पाइलामा आफ्नो जीवनलाई कुल्चदै लोकाचारका निम्ति भए पनि बाँच्नै पर्ने विवशता छ । प्रत्येक बिहान मानिसले सपनाको लासमा जानु पर्ने विसङ्गत जीवनको अवस्था प्रस्तुत कविताङ्कशमा व्यक्त गरिएको छ ।

## ६. निष्कर्ष

आधुनिक नेपाली कविताको प्रयोगवादी धाराका कवि वैरागी काइँलाका कवितामा आयामेली भाव पाइन्छ । उनका सुरुका कवितामा मानवीय प्रेमप्रणयको प्रस्तुति पाइन्थ्यो । पछिल्लो चरणका कवितामा जीवनप्रतिको विश्वास अनि आस्थाको भाव पाइन्छ । सामाजिक सङ्कीर्णता, अस्तव्यस्तता, जीवनप्रतिको निस्सारता, युगीन जनजीवनका विसङ्गति, विकृतिको बिरोध यिनका कवितामा पाइन्छ । बिम्ब, प्रतीकको प्रयोग पाइने यिनका कवितामा जीवनलाई सम्पूर्णता, वस्तुता र समग्रतामा हेरिनुका साथै जीवनका सत् र असत् पक्षको चित्रण गरिएको हुन्छ । कवितामा भाव अनिवार्य मानिन्छ । मानव मनका अभिव्यक्ति कविताका माध्यमबाट रसमय रूपमा व्यक्त हुनु भाव हो । कविले भावना र कल्पनाका माध्यमबाट समाजका अभिव्यक्तिलाई भावमय स्वरूपमा व्यक्त गर्दछ । कविताका लागि रूपविधान पनि आवश्यक तत्त्व हो । रूप भनेको संरचना हो । कवितामा रूपविधानले कविताको संरचनालाई बुझाउँछ । संरचनात्मक रूपमा कविताको विश्लेषण आख्यानात्मक संरचना, नाटकीय संरचना आदि आधारमा गरिन्छ । कवि वैरागी काइँलाको विशेषतामा पाइने जीवनप्रतिको आस्था र विश्वास अनि आयामेली तथा प्रयोगवादी भावधाराका प्रवृत्तिमा रचिएको सपनाको लास कवितामा जीवनको निस्सारता, व्यर्थता र क्षणिकतालाई विसंगति मान्यताका आधारमा प्रस्तुत गरिएको छ । जस्तो भए पनि जीवन जिउनै पर्ने बाध्यात्मक भाव यस कवितामा वर्णन गरिएको छ । जीवन आफ्ना लागिभन्दा अरुका लागि बाँच्नु पर्ने विवशता यहाँ देखाइएको छ । बारीमा फुलेको फूल सखारै मन्दिरमा चढाइए जस्तै मानव जीवन पनि आफ्ना लागिभन्दा अरुका लागि बाँचि दिनु पर्ने विसङ्गति भाव यस कवितामा व्यक्त गरिएको छ । सपना र विपनामा फरक छ । मानिसको शरीर पोशाकले ढाकेको छ जसले गर्दा मानिसले सभ्यताको पाठ सिकेको छ । त्यही सिकाइका कारण निरस, निस्सार, भावशून्य जीवन भए पनि मानिस जिउन विवश छ । त्यो जीवन आफ्ना लागिभन्दा बढी अरुका लागि बाँचि दिनु पर्ने सामाजिक जीवनको यथार्थता र निस्सारताको अनुभुति यस कवितामा व्यक्त गरिएको छ । जीवन एक सपना हो, मानिस आफ्नो सपनाको मलामी एक्लै जानु पर्ने र सलामी पनि एक्लैले दिनु पर्ने निस्सार जीवनको यथार्थलाई यस कवितामा प्रस्तुत गरिएको छ । व्यर्थ जीवन बाँच्नुको कुनै अर्थ नभएको भावाभिव्यक्तिबाट सपनाको लासले जीवनको निस्सारतालाई प्रस्तुत गरेको छ । यस कवितामा भावविधानका आधारमा विसंगतिवादी मान्यतालाई हेरिएको छ भने रूपविधानका आधारमा आख्यानात्मक संरचनालाई अध्ययन गरिएको छ ।

## सन्दर्भ सामग्रीसूची

पाण्डेय, ताराकान्त (२०६५). समकालीन कविताको संरचना, काडमाडैं : धौलागिरी अफसेट प्रेस ।

पौड्याल कृष्णविलास, लुइटेल खगेन्द्रप्रसाद र लुइटेल लीला (२०५४). नेपाली कवि र कविता, (सम्पा) काठमाडौँ : विभु ऋभु प्रकाशन

लुइटेल,खगेन्द्रप्रसाद.(२०६०). कविता सिद्धान्त र नेपाली कविताको इतिहास .नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान. कमलादी : काठमाडौँ ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६९).नेपाली उपन्यासको इतिहास . नेपाल प्रज्ञा-प्रतिष्ठान.कमलादी : काठमाडौँ ।

शर्मा, सोमनाथ (२०५८) साहित्य प्रदीप काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।